# जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०७७

(माननिय मन्त्रीस्तरबाट मिति २०७७/०५/३१ मा स्वीकृत)

*पहिलो संसोधन- मिति २०७८/०४/१४*

**प्रस्तावना :** भूमिको बढ्दो खण्डिकरण एवं जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी कृषिमा आधुनिकिकरण मार्फत लागत कम गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि जग्गा चक्लाबन्दी कार्यक्रम गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी **भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश**ले यो मापदण्ड जारी गरेको छ।

## १. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु

क) आवेदक समूह वा संस्था हुनु पर्नेछ ।

ख) खेतीयोग्य भूमिमा आवास तथा उद्योगका लागि वा अन्य प्रकारको प्लानिङ्ग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गामा एक वर्षमा तराई र पहाडमा कम्तीमा दुई बाली, हिमाली क्षेत्रको हकमा एकबाली खेती **(घासँखेतीको हकमा बहुवर्षिय)** गर्नुका साथै सो कार्य गर्न अनुसूची १ बमोजिमको ढाँचामा कम्तीमा १० वर्षको प्रतिबद्धतापत्र गरिएको हुनुपर्नेछ ।

ग) कार्यक्रमको अनुदानको लागि अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

घ) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु ।

ङ) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने स्थलको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, कित्तानापी नक्सा(**कित्तानापी नक्सामा कित्ता संकेत गरेको हुनुपर्नेछ**), र जग्गाको फोटो (**चक्लाबन्दी गर्ने क्षेत्रको सकेसम्म सम्पूर्ण ठाउँ देखिने जग्गाको फोटो**) पेश गर्नुपर्नेछ ।

## २. प्रस्तावको छनौट

***क. छनौटका लागि मूल्याङ्कनका आधारहरु**

| क्र. सं. | मुल्याङ्कनका आधार | अधिकम अंक | मापदण्ड र प्रदान गर्न सकिने अंक | | |
|---|---|---|---|---|---|
| | | | हिमाल | पहाड | तराई |
| १) | जग्गाको क्षेत्रफल | २० | न्युनतम ३० रोपनी क्षेत्रफलको लागी १० अंक र प्रति १५ रोपनी थप क्षेत्रफलको लागि थप १ अंकका दरले | न्युनतम ५० रोपनी क्षेत्रफलको लागी १० अंक र प्रति ३० रोपनी थप क्षेत्रफलको लागि थप १ अंकका दरले | न्युनतम १० विगाह क्षेत्रफलको लागी १० अंक र प्रति ५ विगाह थप क्षेत्रफलको लागि थप १ अंकका दरले |
| २) | जग्गाको अवस्थिती | ६० | समथर (भिरालोपन ०-५ डिग्री) ६० अंक<br>कम भिरालो(भिरालोपना ५-१० डिगी सम्म) ४० अंक<br>बढी भिरालो(१० डिग्री भन्दा माथी) ५ अंक | | |
| ३) | बाटो | १० | मोटर बाटो भएको १० अंक<br>मोटर बाटोको सम्भावना भएको ५ अंक | | |
| ४) | सिंचाई | १० | बाह्रै महिना सिंचाईको स्रोत रहेको १० अंक<br>आंशिक सिंचाई ५ अंक | | |

**नोटः चक्लाबन्दी कार्यक्रम स्वीकृत हुनको लागि न्यूनतम ६० अंक प्राप्त गरेको प्रस्तावलाई मात्र छनौटका लागि सिफारिस गर्नुपर्नेछ । प्राप्तांक बराबर आएमा बढी क्षेत्रफल र समथर युक्त जग्गालाई प्राथमिकता दिईनेछ ।*

* पहिलो संसोधन, २०७८ द्वारा संसोधित ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

**३. प्राविधिक पक्ष/शर्तहरु**

क) अनुदानग्राही छनौट भैसकेपछी सम्वन्धीत स्थानिय तहलाई मन्त्रालयबाट जानकारी दिईनेछ ।

ख) जग्गाधनीको भोग अनुसारको नापजाँच गरी प्राप्त क्षेत्रफल, नक्सामा भएको क्षेत्रफल र जग्गाधनी प्रमाणपुर्जामा भएको क्षेत्रफलको तुलनात्मक अध्ययन गरी गराई तालिका पेश गर्नुपर्नेछ।

ग) चक्लाबन्दी कार्यक्रम संचालन हुने क्षेत्रको Details Survey गरी आधार नक्सा तयार गर्नुपर्नेछ।

घ) अनुदानग्राहीले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को अनुसूची ५ बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।

ङ) प्लटको डिजाईन अनुसार जमिनको cut & fill को आधारमा लागत अनुमान तयार गरी मन्त्रालयमा पेश गरी मन्त्रालयवाट प्लट डिजाईन स्वीकृत गराउनुपर्नेछ । स्वीकृत भईसकेको प्लट डिजाईन परिवर्तन गर्नुपरेमा मन्त्रालयमा जानकारी गराउनुपर्नेछ । स्वीकृत भएको प्लट डिजाईनलाई जमिनमा लेआउट समेत गर्नुपर्नेछ।

च) अनुदानग्राहीले चक्लाबन्दी कार्य समाप्त भैसकेपछी माटो परीक्षण (नाईट्रोजन, फस्फोरस, पोटास र पि.एच.आदी) प्रतिवेदन पेश गर्नुपर्नेछ । चक्लाबन्दी स्थलको कार्यक्रम संचालन पूर्व र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्था झल्किने गरी ड्रोन भिडियो फुटेज तथा तस्वीर सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ।

छ) अनुदानग्राहीले उपरोक्त खण्ड (ख) देखी (च) सम्मका प्राविधिक कार्यहरु परामर्श सेवा वा विशेषज्ञ सेवाबाट गराउनु पर्नेछ ।

ज) जमिनको उर्वराशक्ति संरक्षण हुने गरी चक्लायुक्त प्लटको निर्माण गर्नुपर्नेछ ।त्यसको लागि जमिनको माथिल्लो तहको **३० से.मी.** माटो जम्मा गरेपछी मात्र प्लट निर्माण सुरु गर्ने र प्लट निर्माण कार्य समाप्त भएपछी उक्त माटो माथिल्लो सतहमा समान रुपले भर्नुपर्नेछ ।यसरी माटो जम्मा गरेको र भरेको तस्वीर मन्त्रालयमा पेश गर्नुपर्नेछ । सो कार्य प्राविधिकको प्रत्यक्ष निगरानीमा गराउनुपर्नेछ ।

झ) *चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रमा एक रोपनी भन्दा कम क्षेत्रफलको कित्ताकाट गर्न पाईने छैन । भूमिको जगेर्ना गर्ने र कृषि बाहेक अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने प्रतिवद्दता गर्नुपर्नेछ ।

**४. आर्थिक पक्ष**

क) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने अनुदानग्राहीलाई क्षेत्रफलको आधारमा "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १३ को उपदफा १(क) र १(ज) अनुसार अनुसुची-२ बमोजिम कार्यसम्पन्न भएपछी अनुदानग्राहीको बैंक खातामा जम्मा हुनेगरी अनुदान रकम उपलब्ध गराईने छ।

ख) चक्लाबन्दी कार्य शुरु भएपछि चक्लाबन्दी गरिने सम्पुर्ण जमिनको माथिल्लो सतहको ३० से.मी. उर्वरायुक्त माटो जम्मा गर्ने कार्य समाप्त भएमा सो कार्यको निरीक्षण गरी सम्झौता रकमको ३० प्रतिशत रकम प्रथम किस्ताको रुपमा दिन सकिनेछ ।प्रथम किस्ता भुक्तानी दिन पहाडी जिल्लामा ५० रोपनी, तराईमा १० विगाहा र हिमाली जिल्लामा ३० रोपनी जग्गाको चक्लाबन्दी कार्य एकैठाउँमा सम्पन्न गरेको हुनुपर्नेछ ।

ग) अनुदान रकम कटिङ फिलिङ्ग, बाटो निर्माण, कुलो निर्माण, मलखाद खरिद, पानी निकास, आवश्यक कृषि यन्त्र उपकरण खरिद र परामर्श/विशेषज्ञ सेवा (जमिनको डिटेल सर्भे, आधार नक्सा तयारी, प्लट डिजाइन, लागत अनुमान, ईन्जिनियरिङ्ग प्रतिवेदन, फिल्ड लेआउट, माथिल्लो ३० से.मी. उर्वरा माटो संरक्षण आदि कार्य) मा खर्च गर्नुपर्नेछ ।

घ) लागत अनुमान रकमको ९०% र "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को अनुसूचि २ मा तोकिएको अनुदान रकम मध्ये जुन रकम घटि आउँछ सो बराबरको रकम अनुदान सहयोग बापत उपलब्ध गराईनेछ ।

ङ) अनुदान दिने रकमको ३ प्रतिशत कन्टीन्जेन्सीको रुपमा रकम कट्टि गरिनेछ ।सो रकमबाट चक्लाबन्दी प्रवर्धन कार्यक्रम संचालन गर्दा बसेका बैठक भत्ता समेतमा खर्च गर्न सकिनेछ।

**५. पुनःअनुदान रकमको सम्वन्धमा**

विगतमा चक्लाबन्दी कार्यक्रम सम्पन्न गरिएको स्थानमा प्राविधिकबाट तयार गरि मन्त्रालयबाट स्विकृत लागत अनुमानका आधारमा प्रतिरोपनी *बढिमा ५ हजारको दरले अनुदान रकम उपलब्ध गराईनेछ । उक्त अनुदान रकमबाट डिजाईन भएको प्लटको मर्मत/सुधार, अस्थाई बाटो, कुलो निर्माण/सुधार, जस्ता कार्य गर्नुपर्नेछ। अनुदानग्राहीले निवेदन साथ लागत अनुमान तयार गरी गराई पेश गर्नुपर्नेछ ।

---

* पहिलो संसोधन, २०७८ द्वारा संसोधित

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

अनुसूची-१

**(दफा १ को खण्ड (ख) सँग सम्बन्धित)**

**प्रतिबद्धता पत्र**

**गण्डकी प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय**को मिति ..................... मा प्रकाशित सूचना अनुसार **जग्गा चक्लाबन्दी कार्यक्रम**मा सहभागिताको लागि इच्छुक भई *श्री ..................................................................................... कृषक समूह/सहकारी संस्था मार्फत कार्ययोजना सहितको आवेदन पेश गरेको/गरेका छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा प्रस्तावमा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/गर्नेछौ र १० वर्ष सम्म जग्गालाई कृषि कार्यमा निरन्तर उपयोग गर्नेछु/गर्नेछौं । चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको क्षेत्रमा एक रोपनी भन्दा कम क्षेत्रफलको कित्ताकाट गर्ने/गरिने छैन । प्रस्ताव अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्य बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौ । * भूमिको जगेर्ना गर्नेछु/गर्नेछौं ।सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोराको साथै चक्लाबन्दी गरिएको जग्गामा आवास तथा उद्योगका लागि वा कृषि बाहेक अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौ । यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

**अनुदानग्राहीको तर्फबाट**

| सि. न. | जग्गाधनीको नाम,थर | ठेगाना गा.पा./न.पा. वडा नं. | कित्ता नं. | जग्गाको कुल क्षेत्रफल | ल्याप्चे/दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**संस्थाको छाप**

**अध्यक्षः**

सही ................................

नाम, थर ..................................

सम्पर्क मोवाईल नं. .................

---

* पहिलो संसोधन, २०७८ द्वारा संसोधित

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

अनुसुची-२

**(दफा १ को खण्ड (ग) सँग सम्बन्धित)**

**चक्लाबन्दी कार्यक्रमको अनुदानको लागि पेश गर्ने प्रस्तावको ढाँचा**

<table>
<tr><td colspan="2">(१) प्रस्तावकको नाम, थरः<br>...............................................</td><td colspan="2">(२) कार्यक्रमको नामः<br>....................................................................</td></tr>
<tr><td colspan="4">(३) ठेगानाः<br>...........................................................................................</td></tr>
<tr><td colspan="4">(४) कार्यक्रमको उद्देश्यः<br>...........................................................................................................................</td></tr>
<tr><td colspan="4">(५) कार्यक्रमका मुख्य-मुख्य कृयाकलापः<br>..........................................................................................................................<br>..........................................................................................................................<br>..........................................................................................................................<br>..........................................................................................................................</td></tr>
<tr><td colspan="3">(६) कार्यक्रम सञ्चालन गर्न लाग्ने अनुमानित लागत :<br>..............................................</td><td>(७) माग गरेको अनुदान रकमः<br>...................... .......................</td></tr>
<tr><td colspan="3">(८) *कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना र अनुमानित खर्चः<br>क. Earth work सम्बन्धी कार्य बापत रु ..........<br>ख. डिटेल सर्भे, आधार नक्शा, ब्लक डिजाइन, फील्ड लेआउट लगायत अन्य विज्ञ/प्राविधिक सेवा बापत रु ............<br>ग. ब्लकमा पानी, बाटोको व्यवस्था वापत रु ............<br>घ. मल बिउ खरिद बापत रु. .............<br>ङ. अन्य रु .............</td><td>(९) *अनुमानित प्रतिफलः<br>आम्दानी प्रति वर्षः..............<br>लागत उठ्न लाग्ने अनुमानित समयः ........</td></tr>
<tr><td colspan="4">(१०) चक्लाबन्दी गर्ने स्थलको प्रस्तावित कुल क्षेत्रफल (रोपनी/विगाह खुलाउने):</td></tr>
<tr><td>(११)कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः<br>प्रारम्भ हुने मिति :<br>कार्यक्रम सम्पन्न हुने मिति :</td><td colspan="3">(१२) कार्यक्रमबाट लाभन्वित संभाव्य<br>जनसंख्याः.............<br>कित्ता संख्या..........<br>जग्गाधनीको संख्या.........</td></tr>
</table>

संस्थाको छाप :

प्रस्तावकको नाम थरः
पदः
हस्ताक्षर, मितिः
सम्पर्क नं.

---

* पहिलो संसोधन, २०७८ द्वारा संसोधित ।